# इलाम नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ सङ्ख्याः१३ मितिः २०८०/११/१५

**भाग- २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिकाको बहाल/भाडा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## इलाम नगरपालिकाको बहाल/भाडा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/११/१५**
**प्रमाणीकरण मितिः २०८०/११/१५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-१०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०८०/३/१६ मा स्वीकृत इलाम नगरपालिकाको बहाल/भाडा व्यवस्थापन कार्यविधि, २०८० कार्यान्वयन भइरहेको सन्दर्भमा कार्यविधिलाई थप व्यवस्थित गर्नका लागि सो कार्यविधिमा निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले **इलाम नगरपालिकाको बहाल/भाडा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०** नगर कार्यपालिकाको मिति २०८०/११/१५ को निर्णयबाट जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस नियमावलीको नाम **इलाम नगरपालिकाको बहाल/भाडा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०** रहेको छ।
(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **दफा ४(७)(क)** - दफा ४(७) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ४(१) बमोजिम प्रकाशित सूचना अनुसार कसैले खाली जग्गामा आफ्नै लगानीमा अस्थायी संरचना बनाई प्रयोग गर्ने गरी लामो अवधिका लागि जग्गा बहालमा माग गरेमा कार्यपालिकाको निर्णय बमोजिम बढीमा १५ वर्ष सम्मको लागि बहालमा दिने गरी संझौता गर्न सकिनेछ। त्यस्तो संझौतामा प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले बहाल रकम बृद्धि हुने शर्त अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

**आज्ञाले**
गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत